## व्यक्तिगत विवरण

नाम : **मानबहादुर जिसी**
बाबु : नरबहादुर जिसी
आमा : मानकुमारी जिसी
**जन्म** २०१७ भाद्र १७ गते मंगलबार ( ५ सन्तान- ४ छोरा र १ छोरी मध्य जेठो सन्तानको रुपमा मध्यम वर्गीय किसान परिवारमा जन्म )
**जन्म स्थान :** साविक कालिका गाविस वडा नं.५ देउमाडी (हाल पोखरा महानगरपालिका वडा नं. २८)
**विवाह :** २०३६ साल फागुन २७ गते पोखरा- १२ निवासी सुब्बा डम्बरबहादुर कार्कीको छोरी शिव कार्कीसँग  विवाह ।
**सन्तान :** २ छोरी-मन्जु र अन्जु जिसी, १ छोरा अशोक जिसी
**शिक्षा :** १–३ कक्षा जनक प्रावि ओखले माझठाना,

- ४ कक्षा हिमालय प्रावि ठूलोस्वारा चितेपानी,
- ५–१० कक्षा श्री जनज्योति माध्यामिक विद्यालय झाफ्ररमारे ।
- २०३५ सालमा एसएलसी परीक्षा उर्तीण, श्री जनज्योति मावि झाफ्ररमारे
- बिएड सम्मको उच्च शिक्षा पृथ्वीनारायण क्याम्पस पोखरा ।

**राजनीतिक जीवन :**

- २०३७ सालमा अनेरास्ववियुको सदस्यता प्राप्त गरी प्रारम्भिक कमिटी  संगठित ।
- २०३९ सालमा पृथ्वीनारायण क्याम्पस अनेरास्ववियु प्राकको अध्यक्ष ।
- २०४१ सालमा नेकपा(माले)को पार्टी सदस्यता प्राप्त ।

**संगठित कमिटीहरु**

- नेकपा एमाले कालिका गाउँ कमिटीको सचिव, इलाका कमिटी इलाका नं.४ कास्कीको सचिव, निर्वाचन  क्षेत्रीय कमिटी क्षेत्र नं. १ को सचिव,
- २०४९ सालमा– नेकपा एमाले जिल्ला संगठन कमिटीको सदस्य,
- २०५० सालमा– नेकपा एमाले कास्कीको तेस्रो जिल्ला अधिवेशनवाट निर्वाचित जिल्ला कमिटी सदस्य  ।
- २०५३ सालमा– चौंथो जिल्ला अधिवेशनवाट निर्वाचित जिल्ला सदस्य साथै निर्वाचन क्षेत्रीय कमिटी क्षेत्र नं. १  कास्कीको सचिव ।
- २०५४ सालमा नेकपा एमाले जिल्ला कमिटी कास्कीको उपसचिव, पाचौ  जिल्ला अधिवेशनवाट पुन : उपसचिव
- २०५८ साल देखि २०६० साल सम्म २ वर्ष जिल्ला कमिटी कास्कीको सचिव (पार्टी प्रमुख) को जिम्मेवारी ।
- पार्टीको आठौं जिल्ला अधिवेशनवाट अध्यक्षमा निर्वाचित (२०६६–२०७० साल सम्म अध्यक्षको जिम्मेवारी)

**पार्टीको हालको जिम्मेवारी :**

- नेकपा केन्द्रीय कमिटी सदस्य एवं पोखरा महानगर कमिटी इन्चार्ज

**संसदीय क्षेत्रमा :**

- २०४९ र २०५४ मा कास्की जिल्ला अन्तर्गत साविक कालिका गाविसको निर्वाचित अध्यक्ष ।
- २०७० सालको दोस्रो संविधानसभामा कास्की निर्वाचन क्षेत्र नं.१ बाट (२७२) ले पराजित ।
- गाउँ विकास समिति राष्ट्रिय महासंघ नेपालको केन्द्रीय सदस्य तथा सचिवालय सदस्य ।

**शैक्षिक क्षेत्रको सेवामा**

- २०३६ सालमा रत्नशोभा निमाविमा शिक्षक ।
- २०४१ देखि २०४४ साल सम्म कालिका गाउँ पञ्चायतको बमचन्द्रकला प्राविमा शिक्षक ।

**राजनीतिक नियुक्ति**

- कास्की जिल्ला सुकुम्वासी समस्या समाधान आयोगको अध्यक्षको जिम्मेवारी (मात्र तीन महिना) ।
- पोखरा उपत्यका नगर बिकास समिति,अध्यक्ष ।
- नगर बिकास कोष,सदस्य ।

**समाजसेवा र विकास निर्माण :**

- सामाजिक क्षेत्रमा महत्वपूर्ण योगदान र सेवा पुर्‍याउँदैं विशेष गरी कास्कीको क्षेत्र नं. १ मा खानेपानी, बाटो, पुल लगायतका विकाससँग जोडिएका योजना र निर्माण सम्बन्धी कार्यमा निरन्तर क्रियाशील विकासवादी नेताको रुपमा आफ्नो पहिचान दिन सफल ।

**हिरासत**

देशमा लोकतन्त्र र गणतन्त्रलाई स्थापित गराउन २०६२/०६३ मा भएको शान्तिपूर्ण जनआन्दोलनको नेतृत्व गरेकै कारण ६२ दिन सम्म हिरासतमा रहेको ।